"हामी पौवादुङमाली, मानव विकास पूर्वाधारले ल्याउँछौं खुशीयाली"

# पौवादुङमा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## च्याङग्रे, भोजपुर
कोशी प्रदेश, नेपाल

पत्र स.:-२०८२/०८३ ‎ ‎ ‎ ‎ ‎ ‎ ‎ ‎ ‎ ‎ ‎ ‎ २०१३४६८९९

चलानी नं.:- ‎ ‎ ‎ ‎ ‎ ‎ ‎ ‎ ‎ ‎ ‎ ‎ मितिः-२०८३।०३।०४

विषय - भुक्तानी समयसीमा सम्बन्धमा ।

श्री सरोकारवालाहरु सवै,
पौवादुङमा गाउँपालिका, च्याङग्रे भोजपुर

उपरोक्त सम्बन्धमा श्री महालेखा नियन्त्रक कार्यालय अनामनगर काठमाण्डौंको मिति २०८३/०३/०२,च.नं.१३२६ पत्रानुसार मिति २०८३/०३/२० भुक्तानी निकासा बन्द गर्ने सूचना तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ र निमायावली,२०७७ समेतको आधारमा यस पौवादुङमा गाउँपालिकाको चालुको आ.व.२०८२/०८३ को अन्तिम भुक्तानी मिति/फायल पेश मिति तपशीलसम्ममा मात्र हुने व्यहोरा जानकारी गराईन्छ ।सम्पूर्ण भुक्तानी सम्बन्धित् सरोकारवालाहरुले कानून अनुसार प्रकृया पुरा गरी देहायको मिति सम्ममा यस कार्यालयमा भुक्तानीका लागि कागजात पेश गर्नुहुन तथा उक्त मितिसम्ममा पेश हुन नआएका कागजात उपर भुक्तानीको लागि कार्यालय जिम्मेवार नहुने व्यहोरा अनुरोध छ ।

**तपशील**

| | | |
|---|---|---|
| • कार्यालय सञ्चालन तथा अन्य चालु प्रकृतिका कार्यक्रम तथा आयोजना | • २०८३/०३/१८ सम्ममा | कैफियत |
| • विकास बजेट अर्थात पूजींगत कार्यक्रम तथा आयोजना | • २०८३/०३/२० सम्ममा | |

..........................
नविन भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

<u>बोधार्थ</u>

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,भोजपुर ।
श्री गाउँपालिका अध्यक्ष ज्यू,पौवादुङमा गाउँपालिका,भोजपुर ।

नेपाल सरकार
अर्थ मन्त्रालय

# महालेखा नियन्त्रक कार्यालय

## कोष व्यवस्थापन शाखा

## अनामनगर, काठमाडौं

प.सं. :- ०८२/८३

च.नं. :- १३२६

मिति :- वि.सं. २०८३/०३/०२

ने.स. :- ११४६ तछलाथ्व,१ मङ्गलवार

<u>विषय: निकासा भुक्तानी सम्बन्धमा ।</u>

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय , सबै ।

श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, सबै ।

उपर्युक्त सम्बन्धमा चालु आर्थिक वर्ष २०८२/०८३ मा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको भुक्तानी निकासा बन्द गर्ने सम्बन्धमा देहायबमोजिम कार्य गर्नु/गराउनुहुन यस कार्यालयको मिति २०८३/०३/०१ को निर्णयानुसार अनुरोध छः

**१. भुक्तानी प्रणाली बन्द गर्ने सम्बन्धी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० को उपनियम (१) बमोजिम आर्थिक वर्ष समाप्त हुनुभन्दा सात दिन अगावै भुक्तानी निकास बन्द गर्नुपर्ने व्यहोरा अवगतनै छ । संघीय कार्यालयहरूको हकमा सोही नियमको उपनियम (१) र (२) बमोजिम र प्रदेश र स्थानीय तहको हकमा उपनियम (७) बमोजिम भुक्तानी निकासा वन्द हुने र सो प्रयोजनको लागि प्रणालीहरु समेत बन्द रहने हुँदा सोही बमोजिम निकासा भुक्तानीका कार्यहरु समयमानै सम्पन्न गर्नु गराउनुहुन ।

**२. अनुदान रकम फिर्ता र हिसाब मिलान**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २२ को उपदफा (१) बमोजिम संघीय सञ्चित कोषबाट प्रदेश तथा स्थानीय तहलाई सशर्त, समपुरक र विशेष अनुदान वापत वित्तीय हस्तान्तरण भएको रकम आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेमा सम्बन्धित प्रदेश तथा स्थानीय तहले उक्त रकम चालु आर्थिक वर्ष भित्रै संघीय सञ्चित कोष (सम्बन्धित खर्च खाता)